# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं कार्तिक २५ गते २०१४ साल [अतिरिक्ताङ्क ८


### उद्योग वाणिज्यमन्त्रालयको विज्ञप्ति

बजारमा चीजबस्तुको भाउ बढ्दै गई जनतालाई असुविधा भइरहेको बुझिन आएकोले जनताको सुविधाको ख्याल राखी सो घटबढ नहुन दिनको लागि बस्तु-नियन्त्रण अल्पकालीन अधिकार ऐन, २०१२ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सरकारले देहायको आदेश जारी गरेको छः--

१. संक्षिप्त नाम र विस्तारः-(१) यस आदेशको नाम बस्तु-नियन्त्रण आदेश, २०१४, रहेको छ।

(२) यो आदेश उपत्यकांचलभित्र तुरुन्त प्रारम्भ हुनेछ र आवश्यक ठहराएमा सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी नेपाल राज्यभर तोकेको क्षेत्रमा तोकिएको मितिदेखि लागू गर्न सक्नेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा--
'ऐन' भन्नाले बस्तु नियन्त्रण अल्पकालनी अधिकार ऐन, २०१२ सम्झनुपर्छ।

३. लगत दाखिल गर्नु पर्नेः- उपत्यकांचलभित्र पैठारी भई आएको अनुसूचिमा लेखिएको मौजदात माल सामानको लगत सबै व्यापारीले ३ दिन भित्र सरकारमा दाखिल गर्नु पर्नेछ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६८

४ उपत्यकाबाहिर माल लाने व्यवस्था:- उपत्यकामा पैठारी भई आएको माल सामान व्यापारको निमित्त कसैले पनि उपत्यकांचल बाहिर लैजान पठाउन हुँदैन।

तर--

उद्योग वाणिज्यमन्त्रालय वा सो मंत्रालयले तोकिदिएका व्यक्तिको लिखित इजाजत प्राप्त गरी निस्सा ली नेपालभित्रका अन्य जिल्लामा व्यापारको लागि लान सक्नेछन्।

५. विदेश लान नहुने:- नेपालको निमित्त पैठारी भई आएको माल सामान कुनै हालतमा पनि विदेश निकाशी गर्न हुँदैन।

६. चेक गर्ने:- (१) यस आदेश बमोजिम काम गर्न सरकारबाट मनोनीत भएका चेकिङ्ग अफिसरलाई जुनसुकै व्यापारीले जाँच वा चेक गर्न दिनु-पर्नेछ।

(२) यस आदेशबमोजिम काम गर्न खटिएका चेकिङ्ग अफिसरलाई यो ऐनको दफा ११ को अधिकार सरकारले दिएको छ।

७. सजाय र जफत:- (१) यो आदेशका कुराहरू उल्लंघन गर्नेलाई ३ वर्षसम्म कैद वा २००० सम्म जरिवाना वा दुवै हुन सक्नेछ।

(२) यस आदेशबमोजिम दाखिल गर्नु पर्ने फाँट दाखिल नगरी वा दबाई छिपाई फाँट दिएको वा चेक गर्दा लुकाएको वा आदेशको बर्खिलाप निकासी गरेको वा निकाशी गर्न उद्योग गरेको समेत ठहरिन आएमा त्यस्तो माल सामान जफत हुन सक्नेछ। ऐनबमोजिमको सजाँय समेत हुनेछ।

८. जाहेरवालालाई कमीशन: यस आदेशको खिलाप काम भएको कुरा जाहेर गरी साबित ठहराएमा ऐनको दफा १४ बमोजीम कमीशन जाहेरवालाले पाउनेछन्।

९. अनुसूचीमा थपघट हुन सक्ने:- सरकारले आवश्यक ठहराएमा यस आदेश बमोजिम निकालिएको अनुसूचीमा थपघट गर्न सक्नेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ३६२

## अनुसूची

१· ऊनी सूती रेशमी फाइबर नाईलन रेशम इत्यादि सर्वजातका धागो र तिनीहरूबाट बनेको कपडा ।

२· सबै किसिमको कपडाको तयारी मालहरू ।

३· होजीयरी माल गैन्ह ।

४· तामा पित्तल आलमोनियम फलाम इत्यादि सबै धातुका भाँडाहरू र मालहरू ।

५· काँच चिनियाँमट्टी सिमेण्टका भाँडाहरू र मालहरू ।

६· प्लास्टिक सामानहरू ।

७. सबै किसिमका लेखपढका सामानहरू ।

८. जीरा मरिच दालचिनी सुपारी ल्वाङ इत्यादि सबैकिसिमका मसलाहरू ।

९. चुरोट सिगार ।

१०. धातु धातुका पाता डल्ला डण्डि इत्यादि ।

११. चिनी मिश्री ।

१२. चिया कफि कोको इत्यादि पेयवस्तुहरू ।

१३· टीन बोतल प्याक भएका फलफूल तरकारी जाम जेली सिरफ इत्यादि ।

१४. बिस्कूट पिपरमेंट चक्लेट, इत्यादि कन्फेक्शनरी ।

१५. औषधी ।

१६· मोटर मोटरसाइकल साइकल इत्यादि सवारीका सामान र पार्टपूर्जा।

१७. मेशिन ज्यामलहरू ।

१८. घडी ।

१९. खेलौना र खेलका सामानहरू ।

२०. रंग रोगन ।

२१. रवरका सामानवस्तुहरू ।

२२· नून ।

२३· सिमेण्ट ।

२४· छाला र छालाका मालहरू ।

२५. रेडियो ग्रामोफोन ।

२६. रेजर ब्लेड पाउडर ऐना साबुन टुथपेष्ट इत्यादि श्रृंगार सामानहरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. बिजुलीका सामानहरू गैह्र ।
२८. छाता ।
२९. मोबिल पेट्रोल गृज मट्टीतेल ग्रीज ।

सरकारको आज्ञाले
रामप्रसाद जोशी
डे.सेक्रेटरी—उद्योग वाणिज्य मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।